आज मिति २०७८।११।३० गते सोमवारका दिन बेनी नगरपालिकाका नगर प्रमुख श्री हरिकुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा बसेको ७९ औं नगर कार्यपालिकाको बैठकमा देहायको उपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरिकुमार श्रेष्ठ | नगर प्रमुख, बेनी नगरपालिका | |
| २ | सञ्जु बरुवाल | नगर उपप्रमुख, बेनी नगरपालिका | |
| ३ | धोलकराज ढकाल | प्रमुख प्रशासकीय अधिकृत, बेनी नगरपालिका | |
| ४ | रामकृष्ण बराइली | प्रवक्ता, बेनी न.पा. / वडा अध्यक्ष, बेनी न.पा.-८ | |
| ५ | टेक बहादुर रावल | वडा अध्यक्ष, बेनी नगरपालिका-१ | |
| ६ | हिरा बहादुर थापा | वडा अध्यक्ष, बेनी नगरपालिका-२ | |
| ७ | पदम बहादुर पुन | वडा अध्यक्ष, बेनी नगरपालिका-३ | |
| ८ | गोबिन्द प्रसाद पौडेल | वडा अध्यक्ष, बेनी नगरपालिका-४ | |
| ९ | लक्ष्मण बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-५ | |
| १० | कृष्ण बहादुर बानियाँ | वडा अध्यक्ष, बेनी नगरपालिका-६ | |
| ११ | राजेन्द्र कुमार श्रेष्ठ | वडा अध्यक्ष, बेनी नगरपालिका-७ | |
| १२ | बेल बहादुर चोखाल | वडा अध्यक्ष, बेनी नगरपालिका-९ | |
| १३ | लोक बहादुर पुन | कार्यबाहक वडा अध्यक्ष, बेनी नगरपालिका-१० | |
| १४ | कृष्ण कुमार वि.क. | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १५ | गौरी थापा मगर | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १६ | टकसरा राना | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १७ | गोरी दर्जी | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १८ | दुर्गा कार्की | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| १९ | योगेन्द्रमान गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २० | गौमति नेपाली | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |
| २१ | झल प्रसाद गौचन | कार्यपालिका सदस्य, बेनी नगरपालिका | |

अन्य उपस्थिति:

| क्र.सं. | नाम, थर | पद, कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

# बेनी नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८।११।३० गते

१. बेनी नगर कार्यपालिकाबाट विगतमा भएका सबै निर्णयहरु तथा नगरपालिकाको विभिन्न शीर्षक वाट भएका सबै खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो । नगर कार्यपालिकाको निर्णय कार्यान्वयनमा सबैसँग समन्वय र सहकार्य गरी अघि वढ्ने निर्णय गरियो ।

२. बेनी नगरपालिकाको स्थानीय सञ्चित कोषबाट विनियोजन हुने गरी प्रत्येक वडाबाट २ लाख रुपैयाका थप नयाँ योजनाहरु छनौट गरी पठाउन सम्बन्धित वडा कार्यालयहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. बेनी नगरपालिकाको फोहोरमैला व्यवस्थापनको काम गरिरहेको मिसन फर वेस्ट म्यानेजमेन्ट नामक संस्थासँग गरिएको फोहोरमैला व्यवस्थापन सम्वन्धी सम्झौताको म्याद २०७८ माघ मसान्तवाट समाप्त भएकोमा फोहरमैला संकलन तथा व्यवस्थापनको कार्यलाई निरन्तरता दिने गरी उक्त संस्थासँग गरिएको सम्झौताको म्याद मिति २०७९ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

४. नेपाल सरकारबाट सशर्त अनुदानका रुपमा बेनी नगरपालिकालाई आ.व. २०७८।७९ मा प्राप्त भएको मकै उत्पादन प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम) का लागि प्राप्त हुन आएको रु २५ लाख ५० हजार यस नगरपालिकाका वडा नं. १, ४, ५, ६ र ९ मा सञ्चालन गर्ने निर्णय गरियो ।

५. बेनी नगरपालिकाको कृषि तर्फको विनियोजित रकममध्ये तरकारी खेतीका लागि सामूहिक नर्सरी स्थापना कार्यक्रमका लागि मिति २०७८/०८/०८ गते सूचना प्रकाशन गरिएकोमा कुनै पनि निवेदन पर्न नआएकोले उल्लेखित कार्यक्रमका लागि विनियोजित रकम रु २ लाख ५० हजार अत्यधिक माग रहेको कृषकको मागमा आधारित कृषि यन्त्र खरिद तथा वितरण कार्यक्रममा विनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

६. बेनी नगरपालिकाको कृषि तर्फको सङ्घीय सशर्त अनुदानतर्फवाट प्राप्त भएको रकममध्ये मध्यम प्रविधियुक्त वहुउद्देश्यीय फलफूल नर्सरी स्थापना कार्यक्रमका लागि विनियोजित रकम रु ७ लाख ५० हजारको कार्यक्रमका लागि मिति २०७८/१०/१२ गते सूचना प्रकाशन गरिएकोमा प्रशंसा वहुउद्देश्यीय फलफूल नर्सरी वेनपा ९ वाट मात्र निवेदन पर्न आएकोले उक्त प्रस्ताव स्वीकृत गरी कार्यक्रम अघि वढाउने निर्णय गरियो ।

७. बेनी नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा कार्यालयहरुको मर्मत व्यवस्थापन शीर्षकमा विनियोजन भएको रकममध्येबाट हालसम्म खर्च भई बाँकी रहेको रकमबाट देहाय वमोजिमका वडा कार्यालयहरुका लागि देहाय बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

| सि नं | वडा कार्यालयको नाम | विनियोजित रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | २ नं वडा कार्यालय मर्मत | १,५२,००० | |
| २ | ४ नं वडा कार्यालय मर्मत | १,००,००० | |
| ३ | ९ नं वडा कार्यालय मर्मत | ७५,००० | |
| ४ | १० नं वडा कार्यालय मर्मत | ५०,००० | |

८. बेनी नगरपालिकाको वडा नं. ७ र ८ स्थित बजार क्षेत्रमा जडान गरिएका सि.सि.टि.भि. तथा सडक बत्तीहरुको नियमित मर्मत सम्भार तथा व्यवस्थापन गर्ने गराउने प्रयोजनका लागि सेवा प्रदायक संस्थासँग वार्षिक ५० हजार रुपैयामा सम्झौता गरी गराई विविध कारणवश बिग्रिने सिसि क्यामरा तथा सडकबत्तीको नियमित निरिक्षण एवं मर्मत गर्ने गराउने निर्णय गरियो ।

९. स्थानीय तहहरुमा औद्योगिक ग्राम स्थापना गर्ने नेपाल सरकारको नीति बमोजिम यस वेनी नगरपालिकामा समेत औधोगिक ग्रामको स्थापना एवं सञ्चालन गर्ने प्रयोजनार्थ आवश्यक र उपयुक्त जग्गा पहिचान गरी सिफारिश गर्न सबै वडा कार्यालयहरुमा अनुरोध गर्ने निर्णय गरियो ।

१०. बेनी नगरपालिका, वडा नं. ३ मा बर्थिङ सेन्टर निर्माणका लागि बेनी नगर कार्यपालिकाको मिति २०७८ मंसिर ७ गतेको निर्णयानुसार बेनी नगरपालिका र वान हार्ट इन्टरनेशनलको साझेदारीमा सञ्चालन गरिने भनिएकोमा उक्त कार्य उपभोक्ता समितिमार्फत गराउँदा निर्माणको लागत कम र गुणस्तर अभिवृद्धि गर्न सकिने सम्भावनालाई मध्यनजर गरी उक्त बर्थिङ सेन्टर निर्माणको कार्य उपभोक्ता समिति मार्फत् गर्ने गराउने निर्णय गरियो।

११. बेनी नगरपालिका, वडा नं. ७, वडा कार्यालयको समन्वयमा बिरेन्द्र चोक स्थित पिपल रुख काँटछाँट गर्ने क्रममा वर्ष ५१ को कामदार श्री थाम बहादुर पुन रुखबाट खसी मृत्यु भएकोले श्रम ऐन २०७४ को दफा ५५ को उपदफा ३ अनुसार क्षतिपूर्ति बापतको आर्थिक सहायत स्वरुप रु ७,००,००० (सात लाख रुपैया मात्र) र किरिया खर्च बापत रु २५००० (पच्चीस हजार रुपैया मात्र) उपलब्ध गराउने भन्ने निज मृतकका आफन्तहरुसँग भएको सहमती वमोजिम दिइएको आर्थिक सहायताको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो।

१२. बेनी नगरपालिकाभित्रका विभिन्न बगरहरुबाट ढुङ्गा गिटी बालुवा उत्खनन तथा संकलन गर्न ठेक्का लगाईएकोमा जुम्ली निर्माण सेवाले यस कार्यालयसँग गरेको सम्झौता र स्वीकृत वातावरणीय प्रभाव विपरित ठुला मेशीनरी औजार प्रयोग गरी उत्खनन् गरेको विषयमा सम्बन्धित जुम्ली निर्माण सेवालाई यस कार्यालयको च.नं १४१४ मिति २०७८/०९/२६ गतेको पत्रबाट सचेत गराईएकोमा सो को वेवास्ता गरी ठुला मेशीन प्रयोगको कार्यलाई नरोकेकोले पुन: च.नं १४९८ मिति २०७८/०९/२७ गतेको पत्रवाट जिल्लास्तरीय अनुगमन समितिलाई अनुगमन गरी आवश्यक कार्यवाहीका लागि लेखी पठाइएकोमा जिल्लास्तरीय अनुगमन समितिबाट मिति २०७८/१०/१० गते अनुगमन गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिणाम भन्दा ५५०९.६८ घनमिटर बढी उत्खनन गरेको पाइएको विगतमा यसरी अवैध उत्खनन् भएको परिमाणका विषयमा जिल्ला अनुगमन तथा सुपरिवेक्षण समितिबाट नै निर्णय गरी गराई कारवाहीका लागि लेखी आउने गरेता पनि जिल्ला अनुगमन समितिवाट केही निर्णय वा जानकारी प्राप्त नभएकोले यसरी अवैध रुपमा उत्खनन् गरेको परिमाणको तोकिए बमोजिमको राजश्व एवम् जरिवाना रकम समेत दाखिला गर्न सम्वन्धित जुम्ली निर्माण सेवालाई पत्राचार गर्ने निर्णय गरियो ।

१३. बेनी नगरपालिकाको विकास निर्माण तथा सेवा प्रवाहलाई समेटी भिडियो डकुमेन्ट्री बनाउन लागि आवश्यक रकम यस नगरपालिकाको सञ्चित कोषबाट व्ययभार हुने गरी बिनियोजन गर्ने निर्णय गरियो।

१४. भूमि व्यवस्था सहकारी तथा गरीवी निवारण मन्त्रालयको च.नं ९३९ मिति २०७८/१०/११ गतेको पत्रानुसार गरीब घर परिवार पहिचान गरी परिचयपत्र वितरण गर्ने सम्बन्धमा प्राप्त भएको गरीब परिवारको प्रारम्भिक सूची गुनासो सुनुवाई मार्गदर्शन २०७८ बमोजिम सार्वजनिक गरी गुनासो सुनुवाई गर्ने सम्वन्धमा लेखी आए वमोजिम सूची

सार्वजनिक गरी गुनासो दर्ता समेतको कार्य सम्पन्न गरी सो को विवरण सम्वन्धित वडा कार्यालयहरुवाट प्राप्त भएकोले "गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम गुनासो सुनुवाई मार्गदर्शन, २०७८" को दफा ८ बमोजिमको समितिमा छलफल गरी आवश्यक कार्यवाहीका लागि सम्बन्धित मन्त्रालयमा पठाउने निर्णय गरियो।

१५. कोभिड १९ को महामारीबाट रोजगारी तथा आय आर्जन गुमाएका अतिविपन्न परिवारलाई नगद राहत वितरण गर्ने सम्बन्धमा अर्थ मन्त्रालयवाट प्राप्त अख्तियारी अनुसार यसरी रोजगारी तथा आय गुमाएका अतिविपन्न परिवार पहिचान गरी सिफारिश गरी पठाउन बेनी नगर कार्यपालिकाको मिति २०७८/०९/०६ गतेको पत्रबाट सबै वडा कार्यालयहरुमा अनुरोध गरिएकोमा विभिन्न वडा कार्यालयहरुवाट प्राप्त भएको विवरण मिति २०७८/११/१२ गते सूचना प्रकाशन गरिएकोमा कोही कसैवाट दावी विरोध पेश हुन आएको नदेखिएकोले वडा कार्यालयको सिफारिश साथ प्राप्त भएका २१२ जनालाई जनही दश हजार रुपैयाका दरले नगद सहायता वितरण गर्ने निर्णय गरियो ।

१६. बेनी नगरपालिका, वडा नं. ४ स्थित तातोपानी वजारमा २०७८ सालको मनसुनजन्य विपद् (बाढीपहिरो) ले गर्दा जोखिममा रहेको वस्ती संरक्षणका लागि (मसार बस्तीका लागि दश लाख रुपैयाँ र तातोपानी बस्तीका लागि चार लाख रुपैयाँ हुने गरी) बेनी नगरपालिकाको सञ्चित कोषबाट व्ययभार हुने गरी रु १४,००,००० (चौध लाख रुपैया मात्र) बिनियोजन गर्ने निर्णय गरियो ।

१७. आ.व. २०७८।७९ मा सडक वोर्ड, नेपालबाट वेनी नगरपालिकाका लागि प्राप्त हुन आएको रु ५५ लाख र बेनी नगरपालिकाको साझेदारीमा बेनी नगरपालिका, वडा नं. २ र ३ स्थित बेनी-बगरफाँट-दुधेखोला-हल्लेगौडा-भकिम्ली सडक मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो।

१८. महाशक्तिमाया कन्स्ट्रक्सन प्रा.ली., वेनी न.पा.-६ ले बेनी नगरपालिकाको "घ वर्गको व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४" को दफा ४ (१) अनुसार दरखास्त पेश गरेकोमा उक्त कार्यविधिको दफा ४ उपदफा (२) बमोजिमको समितिले जाँचबुझ गरी न्यूनतम योग्यता पुरा गरेको सम्वन्धी प्रतिवेदन पेश भएकोले उक्त प्रा.ली.लाई "घ वर्गको व्यवसायी ईजाजत पत्र दिने निर्णय गरियो।

१९. बेनी नगरपालिकाको सेवा प्रवाहलाई थप व्यवस्थित गर्नका लागि देहायका कार्यविधिहरु बिधायन समितिबाट आवश्यक अध्ययन एवम् संसोधन गरी सिफारिस भएकोले अनुमोदन गर्ने निर्णय गरियो।

क) अनुगमन तथा सुपरिवेक्षण कार्यविधि २०७८

ख) कृषि समूह गठन सम्बन्धी कार्यविधि २०७८

ग) विपद पोर्टल सञ्चालन सम्वन्धी कार्यविधि २०७८

२०. बेनी नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका योजनाहरु संशोधनका लागि सम्बन्धित वडा समितिको निर्णय र वडा कार्यालयको सिफारिश समेत संलग्न राखी निवेदन माग भई आएको हुँदा देहायका योजनाहरुको शीर्षक परिवर्तन गरी कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

| सि नं | वडा नं | साबिकको योजना | रकम | परिवर्तित योजना | रकम |
|---|---|---|---|---|---|
| १ | ७ | विपद सम्बन्धी योजना | ५००००० | रामकुमार श्रेष्ठको घरदेखि कुरिलाखर्क सम्को पदमार्ग निर्माण | १००००० |

| सि नं | वडा नं | साबिकको योजना | रकम | परिवर्तित योजना | रकम |
|---|---|---|---|---|---|
| | | | | बराह पाखो पहिरो व्यवस्थापन अन्तर्गत नाली निर्माण | ४००००० |
| २ | १ | लामाघर गणेश मन्दिर व्यवस्थापन | १५०००० | उपल्लाचौर भगवती मन्दिर निर्माण | १५०००० |
| ३ | ८ | हिलसाइड आपरुख पदमार्ग | ३४६२०० | डल्लेपिपल खोरिया सडक मर्मत | ३४६२०० |

२१. वेनी नगरपालिका वडा नं १ रत्नेचौरमा सञ्चालित ज्ञान महायज्ञका लागि अन्य संस्था सहायता शीर्षकबाट व्यहोर्ने गरी रु २५ हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२२. वेनी नगरपालिका भित्रका अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास र अपाङ्ता भएका व्यक्तिहरुविरुद्ध हुने हिंसा विरुद्धको सचेतनात्मक कार्यक्रम सञ्चालन गर्न सञ्चित कोषबाट व्ययभार हुने गरी रु ५० हजार रुपैया विनियोजन गर्ने निर्णय गरियो ।

२३.वेनी नगरपालिका वडा नं २ ज्यामरुककोट स्थित पञ्चेवाजा संरक्षणका लागि सञ्चित कोषवाट व्ययभार हुने गरी रु ३ लाख रुपैया विनियोजन गर्ने निर्णय गरियो ।

२४.यस नगरपालिकाका लागि तयार भएका मध्यकालीन खर्च संरचना र क्षमत विकास योजना लाई स्वीकृत गर्ने निर्णय गरियो ।

२५.वेनी नगरपालिका क्षेत्रभित्र नर्सरीमा विभिन्न किसिमका डालेघाँस तथा बायो इन्जिनियरिङ प्रविधिमा उपयोग हुने भूसंरक्षण प्रजातीका वेर्ना तयार गरी वितरण गर्नक लागि नगरपालिका र भू तथा जलाधार व्यवस्थापन कार्यालयको समन्वय विरुवा उत्पादन तथा वितरण गर्न गराउन अन्य कार्यक्रम खर्च शीर्षकबाट रु ३ लाख रुपैया अनुदान दिने निर्णय गरियो ।

२६. प्रदेश सरकार अन्तर्गतको समपुरक तथा विशेष अनुदानका लागि हरेक वर्ष कार्यक्रम माग हुने गरेको र चालु आर्थिक वर्षका लागि समेत कार्यक्रम माग भई आउने भएकोले माग भई आएमा समपुरक तथा विशेष अनुदान तर्फबाट लागत अनुमान तयार भएका देहाय अनुसारका योजना तथा कार्यक्रमहरुका लागि बजेट माग गर्ने निर्णय गरियो ।

**<u>विशेष अनुदानतर्फ</u>**

| सि नं | योजना तथा कार्यक्रमको नाम | वडा नं | लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पुरुन्डी एक घर एक धारा खानेपानी योजना | बेनपा ५ | ११३५११०५ | |
| २ | कोल्ड स्टोर निर्माण योजना | बेनपा ४ | ४८९६७४१७.८६ | |
| ३ | पुलाचौरदेखी रावणपार्क पर्यटकीय सडक निर्माण | बेनपा ५ | १,६४,३१,८१२.८० | |

समपुरक अनुदान

| सि नं | योजना तथा कार्यक्रमको नाम | वडा नं | लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अर्थुङ्गे पुलाचौर भुतपानी सडक (निरन्तरता) | बेनपा ५ र ९ | १४९०१२७२ | |
| २ | बेनी बजार बाहिरी रिङरोड | बेनपा ७ र ८ | १३०४०५१४.४० | |
| ३ | हस्पिटलचोक जामुनाखर्क सडक स्तरोन्नति भू संरक्षण | बेनपा ६ र ८ | ११३९०५६०.७० | |

२७. आर्थिक वर्ष २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत थकाली समाज भवन अगाडीको नाली निर्माण कार्य सम्पन्न भएको तर रकम भुक्तानी नभएकोले भुक्तानीका लागि सम्बन्धित वडा कार्यालयबाट अनुरोध भै आएकोले प्राविधिक मूल्याङ्कनका आधारमा उक्त रकम सञ्चित कोषबाट व्ययभार हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

२८. नेपाल छन्त्याल संघको विभिन्न कार्यक्रम गर्ने प्रयोजनका लागि रु ५० हजार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो